दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ६५ | बुटवल | २०८१ फागुन १६, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Feb. 28, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## देशभर मनाइयो मगर एकता दिवस




बुटवल । देशभरका मगर समुदायले ४३औँ राष्ट्रिय मगर एकता दिवस विविध कार्यक्रम गरी मनाएका छन् । विभिन्न स्थानमा साँस्कृतिक झाँकी प्रदर्शन, नाचगानलगायत कार्यक्रम गरी दिवस धूमधामका साथ मनाइएको हो ।

विभिन्न कारणले लोपोन्मुख सालैजो, झ्याउरे, कौडालगायत लोकसंस्कृतिको जगेर्ना गर्न, नयाँ पुस्तालाई मगर भाषा तथा सांस्कृतिक, ऐतिहासिक पक्ष, रीतिरिवाज रहनसहनबारे जानकारी गराउन पनि दिवसले महत्वपूर्ण भूमिका खेल्ने हुँदा मगर समुदायले प्रत्येक वर्ष फागुन १५ गते यो दिवस मनाउँदै आएका छन् ।

पञ्चायती व्यवस्थामा प्रहरी घेराबन्दीको बिच २०३९ फागुन १४, १५ र १६ गते तनहुँमा 'नेपाल लाङ्घाली परिवार संघ' को प्रथम महाधिवेशन सम्पन्न भएको थियो । सोही दिनको स्मरणमा फागुन १५ लाई मगर एकता दिवसका रूपमा मनाउने गरिन्छ ।

नेपालमा मगर समुदाय तेस्रो ठूलो जनसंख्या भएको जाति हो । मगर एकता दिवसका अवसरमा रुपन्देहीका विभिन्न पालिकामा पनि विभिन्न कार्यक्रम गरिएका छन् । बुटवलमा मगर दिवस मूल समारोहअघि राजमार्ग चौराहाबाट झाँकीसहितको र्‍याली निकालिएको थियो ।

कार्यक्रममा बोल्दै नेपाल मगर संघकी उपाध्यक्ष गीता सारु, नेपाल मगर संघका नगर अध्यक्ष बसन्ती साठिघरेमगर, उपाध्यक्ष लुमबहादुर सारु मगर र सचिव हेमन्त सारु मगरले मगर समुदायको भाषा, धर्म र संस्कृति संरक्षण गर्ने दायित्व राज्यको भएको बताइन् । उनले राज्यले नेपाल मगर संघका मागहरुलाई सम्बोधन नगरेर विभेद गरेको गुनासो गरिन् । बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले मगर समुदायका भाषा, धर्म, संस्कृति र भेषभुषा संरक्षणका लागि स्थानीय सरकारको तर्फबाट सहयोग गर्ने प्रतिबद्धता जनाए ।

*तस्विर : दैनिक लुम्बिनी ।*

## प्रेम विवाहले चर्केको द्वन्द्वमा सहमति, शव बुझेर अन्त्येष्टी

एक जनाको मृत्यु र १५ प्रहरीसहित २० जना घाइते भएको घटना थप चर्किन नदिन प्रशासन र झडप गर्ने पक्षबिच सहमति टुंगिएर शव समेत परिवारले बुझिसकेका छन् ।

**रामकुमार श्रेष्ठ**
*कावासोती*

केटीलाई भगाएर विवाह गरेको विषयलाई लिएर तनावग्रस्त बनेको नवलपरासी पश्चिमको घटनामा दुई पक्षबिच सहमती भएको छ । नवलपरासी पश्चिमको पाल्हीनन्दन गाउँपालिका-३ बेलासपुरकी सहाना खातुन र सोही ठाउँका युवा डाक्टर धोबीबिचको प्रेम सम्बन्ध र विवाहले निम्त्याएको आक्रोशका कारण मंगलबार ज्यान जानेसम्मको घटना भएको थियो । एकजनाको मृत्यु र १५ प्रहरीसहित २० जना घाइते भएको घटनालाई थप चर्किन नदिन प्रशासनको पहलमा झडपमा उत्रिएका केटा पक्ष र केटी पक्ष तथा प्रशासनकाबिच बिहीबार सहमति भएको हो ।

नवलपरासी पश्चिमका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले प्रशासन र झडप गर्ने पक्षबिच सहमति टुंगिएर शव समेत परिवारले बुझिसकेको बताए ।

मृतक धवलका पश्चिम नवलपरासीको रामग्राम र पाल्हीनन्दनको सिमानामा पर्ने परासीको झराही खोलामा अन्तिम दाहसंस्कार गरिएको जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका प्रहरी निरीक्षक नारायण थापाले बताए ।

प्रमुख जिल्ला अधिकारी रेग्मीका घटनामा परी ज्यान गुमाउनेका परिवारलाई नियमानुसार उचित क्षतिपूर्ति उपलब्ध गराउने, सक्दो छिटो घटनाको अनुसन्धान गर्ने निर्दोष देखिए तत्काल रिहा गर्ने, दोषी उपर कडा कारबाही गर्ने, सोही विषयलाई लिएर कुनै पनि पक्षबाट थप झडपको स्थिति सिर्जना हुन नदिने तथा सामाजिक सद्भाव खलल हुन नदिन दुवै पक्ष संयमित हुने र मृतकको दाहसंस्कार गर्ने सहमति भएको थियो ।

यसैबिच घटनामा निर्दोष देखिएका २ जनालाई रिहा गरिएको र पक्राउ परेको ६ जनामध्ये ४ जनालाई जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको छ ।

नवलपरासी प्रहरीको हिरासतमा ६ जना छन् । घटनाको विषयमा सत्य तथ्य छानबिन गरेर निर्दोष देखिएमा उनीहरूलाई छाड्नेबारे सहमतिपत्रमा उल्लेख गरिएको छ । घटनाको अनुसन्धान गरेर दोषीमाथि कडा कारबाही गरिनुपर्ने र पीडित परिवारलाई राहत उपलब्ध गराउनेबारे सहमति पत्रमा उल्लेख गरिएको रेग्मीले बताए ।

सामाजिक सद्भाव बिग्रन नदिने सबै पक्ष एकजुट भएर काम गर्ने र शान्ति सुरक्षा मजबुत पार्नेलगायतका विषयहरू सहमतिपत्रमा उल्लेख गरिएको छ । सहमति भइसकेपछि केटीका दाजुले चलाएको भ्यानको ठक्करबाट मृत्यु भएका विजय धवलको शव परिवारले बुझेर दाहसंस्कारका लागि लगिसकेका छन् ।

» *बाँकी ३ पेजमा*

## स्पष्टीकरण सोध्ने अधिकार मन्त्रालयलाई छैन : कुलमान

बुटवल । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आफूलाई सेवाबाट हटाउने विषयमा स्पष्टीकरणे सोध्ने वा कारबाही गर्ने अधिकार ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई नभएको बताएका छन् ।

मन्त्रालयले सोधेको २४ घण्टे स्पष्टीकरणको जवाफ दिँदै उनले आफूलाई मन्त्रिपरिषद्ले चार वर्षका लागि नियुक्त गरेकाले हटाउने विषयमा स्पष्टीकरण सोध्ने वा कारबाही गर्ने अधिकार पनि मन्त्रिपरिषद्लाई मात्रै भएको दाबी गरेका हुन् ।

यसअघि ऊर्जा मन्त्रालयले २२ पुस २०८१ मा घिसिङलाई 'पदबाट किन नहटाउने' भन्दै स्पष्टीकरण सोधेको थियो । घिसिङसँग मन्त्रालयले गरेको कार्यसम्पादन सम्झौताअनुसार भदौ महिनाभित्र मन्त्रालयको समितिमार्फत् कार्यसम्पादन मूल्यांकन गराइसक्नुपर्नेमा त्यसका लागि आवश्यक विवरण नै बुझाएका थिएनन् ।

तेस्रो वर्षको कार्यसम्पादन मूल्यांकनमा ५० प्रतिशतभन्दा कम अंक ल्याएको अवस्थामा कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्ने व्यवस्था उनीसँगको सम्झौतामा उल्लेख छ ।

» *बाँकी ३ पेजमा*

## राप्रपाले १७ गते बुटवलमा सभा गर्दै




बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी लुम्बिनीले फागुन १७ गते शनिबार प्रदेशस्तरीय आमसभा बुटवलमा गर्ने भएको छ । ट्राफिक चोकमा गरिने यो कार्यक्रममा राप्रपाले शक्ति प्रदर्शनसमेत गर्ने भएको छ ।

बिहीबार बुटवलमा पत्रकार सम्मेलन गरेर राप्रपाले शनिबार आयोजना गर्ने कार्यक्रमबारे जानकारी दिएको छ ।

प्रदेश अध्यक्ष प्रदीप उदयले सातै प्रदेशमा यस्तो जनसभा गरिरहेको र बुटवलमा प्रदेशको शक्ति प्रदर्शन गरिने र पार्टीका सबै शीर्ष नेताहरूले सम्बोधन गर्ने जनाए ।

'सरकारविरुद्धको खबरदारी हो, विभिन्न क्षेत्रबाट मोटरसाइकल र्‍याली पनि गरिने छ, देशमा बढेका विकृति र विसंगतिविरुद्धको अभियान राप्रपाले सुरु गरेको ।

यसलाई जनजागरणका रूपमा लिएका हौं', उनले भने-'मुलुकले निकास खोजेको छ, सबै अट्ने नयाँ समझदारी गरेर अगाडि जानुपर्छ । राष्ट्रियता संकटमा परेकोले सबै जाग्न जरुरत छ ।'

उदयले अहिलेको गणतन्त्र र प्रदेश संरचना नै नमानेको, तर यही संविधानलाई मानेर आन्दोलन गरेको बताए ।

कार्यक्रममा केन्द्रीय सल्लाहकार समिति अध्यक्ष तथा पूर्वमन्त्री निरन्जन थापाले देशमा अहिलेको अवस्थाले धेरैलाई चिन्ता थपेकोले पार्टीले यस्तो अभियान थालेको बताएका छन् ।

'राजा ज्ञानेन्द्र शाहबाट सम्बोधनका क्रममा मेलमिलापको स्पष्ट कुरा आएको छ, प्रष्ट कुरा बाहिर ल्याएको समयमा केही गलत व्याख्या भएको तर देशलाई निकास दिन तयारी । राजासहितको व्यवस्था देशमा जरुरत रहेको छ ।'

-उनले भने । थापाका अनुसार ज्ञानेन्द्र शाहलाई जनमतका आधारमा नहटाइको उनको तर्क थियो ।

'यो मुलुकमा राजसंस्था चाहिन्छ, हिन्दू राज्य चाहिन्छ भनेर हामीले पहिलेदेखि नै भन्दै आएका छौं, त्यसैलाई आधार बनाएर काम गरेका छौं ।'-उनले भने ।

१७ गतेको कार्यक्रममा केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देन, विक्रम पाण्डे, ध्रुवबहादुर प्रधान, धवलशमशेर राणा, ज्ञानेन्द्र शाहीसहितका शीर्ष नेताहरूले सम्बोधन गर्ने राप्रपाले जनाएको छ ।

## प्रादेशिक अस्पतालमा डिजिटल पेमेन्ट सेवा सुरु




**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले स्वास्थ्य सेवाको क्षेत्रमा भौतिक पूर्वाधारसँगै गुणस्तरीय जनशक्ति व्यवस्थापनमा सरकारले ध्यान केन्द्रित गरेको बताएका छन् । लुम्बिनी प्रादेशिक अस्पतालको ११५औं स्थापना दिवसका अवसरमा बिहीबार आयोजित मूल समारोहलाई सम्बोधन गर्दै मन्त्री सारुले सरकारी अस्पतालहरुमा स्वास्थ्य सेवा सुधार तथा बिस्तारका लागि सरकार सहकार्य र सहयोगकामा सधैँ तयार रहेको बताए ।

मन्त्री सारूले अस्पतालमा सेवालाई थप गुणस्तर गराउन समेत आग्रह गरे । स्वास्थ्य सेवा लिन आउने नागरिक हिजोको जस्तो नभएको उल्लेख गर्दै उनले सेवाग्राही धेरै सचेत भैसकेको र कुनै पनि कमजोरीहरु भेटिएमा तुरुन्तै प्रतिक्रिया जनाउन सक्ने भएकाले सधैँ सचेत भएर सेवामा लाग्न आग्रह गरे । उनले सेवाग्राहीसँग मुस्कानसहितको व्यवहार गर्न आग्रह गरे । प्रदेश सरकारले गौरव आयोजनामा राखेर लुम्बिनी प्रादेशिक अस्पतालमा नयाँ भवनको निर्माण कार्य जारी रहेको बताउँदै यसका लागि संघीय सरकार, प्रदेश र स्थानीय बीच समन्वय आवश्यक रहेको उल्लेख गरे ।

यसैगरी निजी स्वास्थ्य संस्थालाई नियमन गर्ने सवालमा समेत मन्त्रालयले तयारी थालेको उनले बताए । कतिपय निजी स्वास्थ्य संस्थाहरुले दर्ता तथा सूचीकरण नगरिकन सञ्चालनमा आएको बताउँदै त्यस्ता संस्थाहरुलाई नियमन गर्ने तयारीमा रहेको जानकारी गराए । गरिब तथा विपन्न परिवारका लागि निजी स्वास्थ्य संस्थाहरुले समेत कम्तिमा १० प्रतिशत उत्तरदायित्व बहन गर्नुपर्ने भए पनि सो कुरा कार्यान्वयन भएको बताउँदै सरकारले कडाईकासाथ नियमन गरी कार्यान्वयनमा लैजाने तयारी गरिरहेको उल्लेख गरे ।

लुम्बिनी प्रदेशका पूर्व स्वास्थ्यमन्त्री विष्णु पन्थीले बुटवल आर्थिक सुस्तताको मारमा परेको बताउँदै लुम्बिनी प्रादेशिक अस्पतालको विकास गर्न सकेमा समग्र लुम्बिनी प्रदेशको परिचय र पहिचान बदलिने उल्लेख गरे । सेवालाई थप गुणस्तर गराउँदै आधारभूत स्वास्थ्य सेवाको बिस्तार र विशिष्टिकृत सेवामा केन्द्रित हुन उनले आग्रह गरे । यसका साथै सीमा क्षेत्रमा रहेका भारतीयहरुलाई समेत अस्पतालमा ल्याउने वातावरण सिर्जना गरी ठूलो आर्थिक लाभ लिन सकिने उनले बताए । उपभोक्ता हित संरक्षण मञ्च रुपन्देहीका अध्यक्ष समुन्द्र जिसीले कतिपय अवस्थामा सेवाग्राही र सेवा प्रदायकबिच मनमुटाव हुने गरेका बताउँदै यस प्रकारका कमजोरी हुन नदिन अस्पताल परिवार सधैँ चनाखो बन्न आग्रह गरे ।

अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठले सेवाग्राहीको चाप र उपलब्ध संरचना तथा जनशक्ति बिच ठूलो भिन्नता भएको उल्लेख गरे । अस्पतालको नयाँ बन्दै गरेको भवनबाट कसरी सेवा प्रदान गर्ने अहिलेदेखि नै तयारी गर्नुपर्ने बताउँदै अध्यक्ष श्रेष्ठले अन्तरक्रियामा सहभागी हुन अस्पतालका विभागीय प्रमुखहरुलाई आग्रह गरे ।

अस्पताल विकास समिति सदस्य लक्ष्मी भट्टराईले अस्पतालमा जनताको आकर्षण बढ्दै जाँदा सेवाग्राहीको चाप पनि बढेका कारण यसलाई चुनौतीका साथै अवसरका रुपमा समेत लिनुपर्ने बताइन् ।

» *बाँकी ३ पेजमा*

बुद्धभूमि नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुड्ढी, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## विषादीले निम्त्याएको जोखिम

विषादीको मनपरी प्रयोगले जोखिम बढेको छ । किसानले खेतबारीमा विषादी मनपरी प्रयोग गर्दा क्यान्सरलगायतका रोगको जोखिममा पर्न थालेका छन् । मनपरी विषादी प्रयोगले नागरिकको स्वास्थ्य जोखिममा पर्दा समेत सचेतनाको कार्यक्रम प्रभावकारी हुन सकेको छैन । सरकारी निकाय विषादीको प्रयोग न्यूनीकरण गर्न र सुरक्षा सतर्कता अपनाउन सचेत नगराउनु नागरिकको स्वास्थ्यप्रति खेलवाड गर्नु हो ।

प्रतिबन्ध भएका विषादीको आयात र बेचबिखन भए कारबाहीको दायरामा ल्याउनुपर्छ । तर सरकारी निकायबाट नियमन छैन । यसको दायित्व प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रको हो । केन्द्रकै अनुसार, ६ वर्षको अवधिमा विषादीको आयात दोब्बरले बढेको छ । आर्थिक वर्ष २०७४।०७५ मा ६ लाख ३५ हजार ७ सय २१ किलो विषादी आयात भएको थियो । ०७९।०८० मा आयात परिमाण बढेर ११ लाख ८३ हजार ७ सय ४१ किलो पुगेको छ । रकमको कुरा गर्दा गत आर्थिक वर्षमा मात्रै १ अर्ब ६९ करोड ६३ लाख रुपैयाँको विषादी आयात भएको छ ।

खेतबारीमा विषादी राख्नुको कारण हो, खेतबारीमा लाग्ने किरालाई मारेर उत्पादन बढाउनु । विषादीको प्रयोगले शत्रु जीव मात्रै मर्दैनन्, मित्र जीव पनि मर्ने भएकाले विषादीको प्रयोगमा न्यूनीकरण अत्यावश्यक छ । किसानले मनपरी विषादी प्रयोग गर्दा खेतबारीका शत्रु र मित्र जीव मात्रै मरेनन्, मान्छेको स्वास्थ्य नै जोखिममा पऱ्यो । एकातिर किसानको स्वास्थ्य जोखिममा परेको छ, अर्कोतिर खुला सीमाको प्रयोग गरी विषादी मनपरी आयात भइरहेको छ । किसानलाई विषादी प्रयोग गर्दा ध्यान दिनुपर्ने विषयका बारेमा तालिम दिन जति आवश्यक छ, मनपरी विषादी आयात न्यूनीकरण गर्न उत्तिकै जरूरी छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गरेर हालै पाराक्वाटारपाराक्वाट डाइक्लोराइड, क्लोरोपाइरिफस र फोरेट नामक विषादी आयात बिक्रीमा प्रतिबन्ध लगाएको छ । यी विषादीको प्रयोगले किसानको स्वास्थ्य जोखिम बढाएकोले प्रतिबन्ध लगाएको हो । अन्य घातक विषादी आयात र नियन्त्रण गर्न ध्यान दिनुपर्छ । अति विषादी प्रयोग भएको तरकारीले तत्काल टाउको दुख्ने, बान्ता आउने, वाकवाकी आउने, हात काँप्ने, बेहोस हुनेलगायत समस्या देखिएका छन् । खतरानाक विषादीले दीर्घकालीन रूपमा क्यान्सर, लुलो-लङ्गडो हुने, गर्भ तुहिने, कलेजोको खराबीलगायत समस्या निम्त्याउने विज्ञहरु बताउँछन् ।

प्रतिबन्ध भएका विषादीको आयात र बेचबिखन भए कारबाहीको दायरामा ल्याउनुपर्छ । तर सरकारी निकायबाट नियमन छैन । यसको दायित्व प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रको हो । नागरिकको स्वास्थ्य जोखिम रोक्न र वातावरणीय सन्तुलन बिग्रन नदिन विषादी प्रयोग न्यूनीकरण गर्दै जानुको विकल्प छैन ।

# अमेरिकी राष्ट्रपतिले भनेका ठगहरूको विचल्ली



विन बहादुर कुँवर



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो पटकको आगमनपछि विश्वमा केही नयाँ खाले मोड देखिन थालेको छ । आजसम्म अमेरिकाले दिने गरेको सहयोग रकम अर्थात युस एड (USAID ) आगामी ९० दिन सम्मका लागि स्थगित गरिएको छ । रुस-युक्रेन बीचको युद्ध शान्ति वार्ता मार्फत अन्त्य गर्ने भनिएको छ । लामो समयपछि रुसी र अमेरिकी सरकारी प्रतिनिधिबिच यसै विषयलाई लिएर दुई पक्षीय भेटवार्ता भइसकेको छ । स्वयं युद्धरत युक्रेन विना नै अमेरिकी र रुसी प्रतिनिधिबिच त्यस्तो वार्ता भएको हो । अब छिट्टै यसै विषयलाई लिएर रुसी राष्ट्रपति पुटिन र अमेरिकी राष्ट्रपति ट्रम्पबिच प्रत्यक्ष भेटघाट वार्ता गर्ने तयारी भइसकेको छ । यी दुई राष्ट्रपतिबिच लामो फोन वार्ता र कुराकानी त भई नै सकेको छ । यता इजराइल र प्लेस्टाइन हमासबिच अस्थायी युद्धविराम भएको छ । दुवै पक्षबाट युद्ध बन्दीहरु आदानप्रदान भइरहेको छ ।

जेहोस् अमेरिकी राष्ट्रपति ट्रम्पको आगमनका दिनदेखि नै विश्वमा शान्ति प्रयासको थालनी भएकोमा विश्वव्यापी रुपमा केही शान्तिको आशा पलाएको छ । रुस-युक्रेन अनि इजराइल-प्लेस्टाइनबिचको युद्धले विश्वलाई केही आतंकित र तर्साएको अवस्था थियो । कतै तेस्रो विश्वको रियलसल विश्वमा हुन थालेको त होइन ? सबैमा यस्तै आशंकाले काम गरिरहेको थियो । हुनतः साम्रराज्यवाद भनेकै युद्ध हो र युद्ध भनेकै साम्रराज्यवाद हो । समूल रुपमा साम्रराज्यवादको अन्त्य नभएसम्म यस्तो युद्ध कहिले पनि रोकिने छैनन् । कुरा त्यत्ति हो कि अब युद्ध कहिले किन र को को सँग बिच हुने मात्र हो ।

रुस-युक्रेन र इजराइल-प्लेस्टाइनबिचको युद्धले विश्व दुई कित्तामा विभाजन हुनै लागेको थियो । अमेरिकी र रुसी खेमा । पहिलोमा अमेरिका-युरोपियन युनियन अनि इजराइल, जापान, दक्षिण, कोरिया भने अर्कोमा रुस-चीन-उत्तर कोरिया आदि र बिचमा भारत, ब्राजिल, दक्षिण अफ्रिका आदि देखिएका थिए । अझ वृक्स अर्थात् रुस, चीन, भारत, ब्राजिल र दक्षिण अफ्रिका बीचको गठबन्धन र त्यसलाई रुस, चीनको सहयोग र समर्थनले बढ्दो अमेरिकी प्रभावलाई कमजोर पार्दै थियो । इजराइली अतिक्रमण र प्रभावले सिंगो अरब मुलुक पनि विस्तारै अमेरिका विरोधी देखिँदै थिए । अन्ततः ढिलो चाडो विश्व यी दुई खेमा अर्थात् यी दुई विश्व साम्रराज्यवादी मोर्चा बीच विभाजित हुने सम्भावना बढेर गएको थियो । अमेरिकी पूर्व राष्ट्रपति जो भाइडेनको प्रशासनले बंगलादेश र त्यसको छिमेकी राष्ट्र भारतको पूर्वोउत्तर भूभागमा फैलाएको जातीय र धार्मिक हिंसाका कारण भारतीय सरकार समेत अमेरिकासँग संसकित हुँदै रुस-चीन खेमासँग अलि बढी सम्बन्ध विस्तार गर्नेमा देखिन थालेको थियो । जसको परिणाम चीन-भारत बीच हुने सिमा झडपलाई केही मथ्थर पार्दै आपसी सम्बन्ध सुधारलाई विस्तार पारिरहेका थिए । यी विभिन्न कारणले गर्दा अमेरिकी साम्रराज्यवाद विश्वमा केही कमजोर अर्थात अफेन्सीप होइन डिफेसीप बन्नै पर्ने बाध्यता देखिन थालेको थियो ।

फुटाउ र शासन गर साम्रराज्यवादको पहिलो रणनीति हो । युक्रेन इजराइलको युद्धले यसलाई उल्टो असर पऱ्यो अर्थात फुटाउलाई होइन जुटाउलाई धेरै सघाउन पुग्यो । माथि भने जस्तै अमेरिकीविरुद्ध रुस-चीन र अरु मुलुकबिच एकता बढेर जान थाल्यो । पहिलेको अमेरिकी जो भाइडेन प्रशासनको त्यो कमजोरीलाई राष्ट्रपति ट्रम्पले तुरुन्त सुधारी पुनः रुससँग सम्बन्ध विस्तार गर्न सफल भइसकेका छन् । युक्रेनी राष्ट्रपति जेलेनिस्कीलाई एउटा सन्की निरंकुश र तानाशाहको विल्ला भिराउँदै रुस, युक्रेन युद्धलाई समाप्त पार्ने गरी रुससँग ट्रम्प नजिकिएका छन् । त्यही रुसी चाहना अनुरुप ट्रम्प अघि बढिसकेका छन् । रुसी राष्ट्रपति पुटिनको एक सुत्रीय पहिलो चाहना नै युक्रेनी राष्ट्रपति जेलेन्स्किकीको अपदस्तता हो । एक प्रकारले त्यो पूरा पनि भइसकेको छ । केही दिन अमेरिकी प्रस्तावलाई अस्वीकार गर्न खोजे पनि अन्ततः जेलेन्स्किकी ट्रम्पकै प्रस्ताव अनुसार आवश्यक परे राष्ट्रपतिबाट पनि हट्ने र युक्रेनी अति दुर्लभ खनिज पदार्थ सबलाई अमेरिकामार्फत् परिचालन गर्नेमा रुजु भइसकेका छन् । आजै अमेरिकामा यी दुई नेताबिच सम्झौता गर्ने भनिएको छ ।

आखिर एउटा मटेङ्गाले दुईवटा चरा ढाल्ने काम अमेरिकी राष्ट्रपति ट्रम्पको यो प्रस्तावले गर्ने देखिएको छ । एकातिर युक्रेनको खनिज सम्पदा सबैमाथि अमेरिकी एकलौटी वर्चस्व उपयोग गर्न पाउने दीर्घकालीन अभियानमा सफलता भने अर्कोतिर रुस र चिनियाँ प्रस्तावित गठबन्धनमाथि दरार । यसले केही समयको लागि रुसलाई केही राहत पुऱ्याए जस्तो गरे पनि भावी दिनका लागि रुस एक्लै अन्ततः रुस न यता न उता अर्थात् रुस न चीन खेमातिर न अमेरिकी खेमातिर पेण्डुलम हुने जस्तै । ट्रम्पको यो चलाखी पनले हाललाई विश्व शान्तिमा केही राहत जस्तो देखिए पनि अमेरिकी साम्रराज्यवाद विश्वमा एक मात्र पहिलो साम्रराज्यवादी हुने देखिएको छ । तर माथि भने जस्तै साम्रराज्यवाद भनेकै युद्ध हो भने युद्ध भनेकै साम्रराज्यवाद हो । त्यही हो कि अब दुई पक्षीय साम्रराज्यवादी युद्ध नभएर खाली केवल एक पक्षीय अमेरिकी साम्रराज्यवादी युद्ध नै विश्वमा झन झाँगिदै जानेछ । यता भारतसँग पनि ट्रम्पको अमेरिकामा नै भेटवार्ता भइसकेको छ । ट्रम्प र मोदी भेटवार्ताको असर पनि रुसी राष्ट्रपति पुटिनलाई परेको भन्न सकिन्छ । भारतीय प्रम मोदी पनि एक सानो फिस्टे साम्रराज्यवादी र विस्तारवादी शासक भएकाले पनि यता अमेरिका र उता रुस दुवैको पक्षमा नलागि दुवैलाई मिलाउने भूमिकामा उनी देखिदै आएका छन् । अन्ततः विश्व साम्रराज्यवादी प्रतिस्पर्धा अमेरिका र चीनबिच नै हुने सम्भावना बढेर गएको छ । निश्चय नै यसको पहिलो र प्रत्यक्ष असर नेपालमाथि नै बढी पर्ने अनुमान गर्न सकिन्छ ।

अमेरिकी राष्ट्रपति भए लगत्तै डोनाल्ड ट्रम्पले अमेरिकाले विश्वमा दिँदै आएको आर्थिक सहयोग (युएसएआइडी) लाई रोक्ने घोषणा गऱ्यो । यसको तरङ्ग नेपाल जस्ता विकासोन्मुख देशहरुलाई पऱ्यो । अहिलेसम्म यसमार्फत् नेपालमा सञ्चालित विभिन्न खाले सयौं एनजीओ र आइएनजिओ सञ्चालक र त्यसका कर्मचारी सबैलाई त्यसको प्रत्यक्ष असर परेको छ । त्यस्ता संघसंस्था, सञ्चालक, कर्मचारी सबैलाई राष्ट्रपति डोनाल्ड ट्रम्पले 'फर्ड' अर्थात् ठगहरु नै भएको घोषणा गरिसकेका छन् । धेरै पहिले देखिनै हामीहरुले यस्ता संस्था निकाय र सञ्चालक, कर्मचारी सबैलाई साम्रराज्यवादी दलाल र भ्रष्ट भन्दै आएका थियौं । यो भन्दा कतिपय त्यस्ता संचालकहरुले हामीलाई धम्काउने गरेका पनि थिए । तर आज यिनै निकाय सञ्चालनका लागि अनुमति दिई अरबौ लगानी गर्दै आएको प्रमुख राष्ट्र अमेरिकाका राष्ट्रपतिले नै यिनीहरुलाई 'ठग' भनी निन्दा गर्दै त्यस्तो सहयोग बन्द गर्ने घोषणाले यी विदेशी दलाल ठगहरुको विचल्ली भएको छ ।

ट्रम्पको यो भनाइले स्वयं हाम्रो देशमा यस्तो साम्रराज्यवादी रकम भित्राउन दिने सरकार र यसका मन्त्री, नेता सबै ठूला 'ठग' मा दर्ज गरिएका छन् । ठिकै हो यस्तै ठगहरुको शासन सत्ता छ यहाँ । हुनतः कागले आफ्नो नाम आफैं भने जस्तै यी सबै ठूला प्रमुख नेपाली ठगहरुबिच एकले अर्कालाई यस्तै ठग, फटाहा, जाली, बेइमानी, धोकेवाज आदि अनगिन्ती आरोप-प्रत्यारोप दिनहुँ भन्दै हिडिरहेका छन् । प्र.म. ओली, प्रचण्ड, देउवा, माधव, आदि नेताहरुको दैनिकी नै यस्तै छ । अब भनौ को ठग, फटाहा, डाँका, भ्रष्ट, जाली । प्रचण्ड भन्छन्-ओली-देउवा । फेरि ओली- देउवा भन्छन्- प्रचण्ड-माधव । आखिर अमेरिकी राष्ट्रपति ट्रम्पले भने यी सबै ठग । यी सबैका मुख्य मालिक गुरुले नै यी सबैलाई ठग भनेपछि आफैंले बडानु पर्ने कसिंगरलाई आफैं हावाले उडाई दिएपछि अब अरु हामीले यिनीहरुलाई अरु केही भनिरहनु पर्ला र ?

अमेरिकी सरकारद्वारा सञ्चालित युएसआइडी रोकिए पनि नेपालमा यस्तै अमेरिकी परियोजना एमसीसी रोकिन्न भन्नेमा धेरै अमेरिकी दलालहरु थिए । तर त्यसको केही दिनपछि नै अमेरिकी राष्ट्रपतिले त्यसलाई पनि रोकिदिए । पहिले यहाँ त्यसकाविरुद्ध ठूलो आन्दोलन भयो । तर प्रचण्ड-माधवको गद्दारीले त्यसलाई सदनबाट समेत पारित गरियो । तर अहिले त्यो पनि रोकिएको छ । हिजो एमसीसी परियोजना पारित गराउन कम्मर कसेका कांग्रेस-एमाले र माओवादी सबै अहिले नुन खाएका कुखुराजस्तै झोक्रिएर बसेका छन् । तर माथि भनेजस्तै झाडु लगाई बडार्नुपर्ने कसिंगरलाई हावाले बडारे जस्तै उक्त परियोजनालाई स्वयं अमेरिकाले नै रोकिदिएको छ । अब नेपालमा एमसीसी परियोजना गलत भए चारपाटे मुडेर थानकोट कटाइदिनुहोला भन्ने कांग्रेसी युवा नेता गगन थापाले के गर्लान् ? नैतिकता भए चारपाटे मुडेर थानकोट काटी जानुभन्दा आफूले लिदै गरेको दलीय र संसदीय पदीय जिम्मेवारीबाट राजीनामा दिई राजनीतिक सन्यास लिनु नै जाति होला । यो प्रश्न गगनको लागि मात्रै होइन देउवा लगायत अरु कांग्रेसी नेता साथै एमाले अध्यक्ष तथा प्रधानमन्त्री ओली साथै प्रचण्ड-माधवहरुमाथि पनि तेर्सिएको छ । तर राष्ट्रघाती गद्दार दलालहरुलाई के को नैतिकता ? जे गर्दा पनि हुन्छ । लाज श्रम केही पनि छैन ।

अहिले अमेरिकी राष्ट्रपतिको यो कदमलाई धेरैले सकारात्मक भएको भन्दैछन् भने सत्ताधारी कांग्रेस-एमाले अनि माओवादी केन्द्र, रास्वपा र नेकपा एस भने मौन छन् । साम्रराज्यवादीले दिएको कलो निल्नै लागेको गास ओकल्नु पर्ने समस्यामा यिनीहरु छन् । न फेरि अमेरिकासँग बिन्तीभाउ, दलाली गर्ने नै ठाउँ छ, यिनीहरुलाई । राष्ट्रपतिले यी सबैलाई 'ठग' भनिसके । यसमा भएको सब लगानी र यसअन्तर्गतको साउँ व्याज सबै अमेरिकाले असुल गराएर नै छोड्छ । त्यो कसरी तिर्ने अनि नेपालकै त्यसमा लगानी भएको अरबौ रुपैयाँ त्यत्तिकै बालुवामा पानी जस्तै बिलाउने स्थिति छ । आखिर यी सबैको रुवाबासी । किन रुन्छस मंगले आफ्नै ठंगले ।

यता केही नेपाली अनि केही संघसंस्था र दलहरु भने यसबाट अति हौसिदै अमेरिकी राष्ट्रपति ट्रम्पलाई यसमा बधाई र धन्यवाद दिइरहेका छन् । यसामा विप्लव नेतृत्वको नेकपा पनि देखिएको छ । विप्लव सी.को मूल प्रचार अभियान नै यो भएको छ । जहाँ गयो त्यही ट्रम्पलाई यसमा बधाई र धन्यवाद दिँदै हिडिरहेका छन् । आखिर माथि नै भनिसकियो युद्ध र हिंसा र आतंक भनेकै साम्रराज्यवाद हो, जहाँ गयो त्यही यसले यो रोप्छ, फलाउँछ र फुलाउँछ । त्यस्तै साम्रराज्यवादीहरु कहिले पनि 'साधु' हुने छैनन् । हत्या, हिंसा र रगतमा खेल्नु र रमाउनु यिनीहरुको मूल चरित्र नै हो । जस्तो बाघले कहिले पनि घास खाँदैन रगत,त मासु नै खाई बाच्छ र रमाउँछ । त्यसैले अहिले नेपालको यो सन्दर्भमा अमेरिकी राष्ट्रपति ट्रम्पले जे गरे त्यो केही दिनको लागि गरिएको नाटकको रियलसयल मात्र हो । यसका पछाडि अझ ठूलो साम्रराज्यवादी षड्यन्त्र लुकेको छ । हालै मात्रै युक्रेन मामिलामा ट्रम्पले खेलेको त्यो भूमिकाले प्रष्ट पारिसकेको छ । युक्रेनमा रहेको अति दुर्लभ र बहुमूल्य खनिज पदार्थका लागि युक्रेनी राष्ट्रपतिलाई जोक्कर बनाई रसियाका राष्ट्रपति पुटिनकै साथ सहयोगमा युक्रेनको स्वतन्त्रता र स्वाभिमानमाथि होली खेल्ने काम भइसकेको छ । आज त्यस्तै नेपालमा पनि हुने सम्भावना बढेर गएको छ । भारत भर्सेज अमेरिका यही एमसीसीमार्फत् नेपालका अति दुर्लभ र बहुमूल्य खनिज पदार्थ साथै जडीबुटी आदिमा अमेरिकी गिद्धे दृष्टि पारिसकेको छ । म्याग्दी र मुस्ताङमा भएको अति बहुमूल्य खनिज पदार्थ युरिनियम साथै जडीबुटी आदिमा अमेरिकी गिद्धे दृष्टि यसको एउटा उदाहरण हो । भारत नेपालको पानीमा लोभिएको छ भने अमेरिकालाई यस्तै खनिज पदार्थका कारण नेपालको समग्र राष्ट्रियता, स्वतन्त्रता र स्वाभिमान युक्रेनकै जस्तै हुने खतरा बढेर गएको छ । यी सबै विदेशी दलाल दल र दल नेताहरुको के विश्वास ? हिजो एमसीसी सदनबाट पारित गरेजस्तै देशको स्वाभिमान बेच्न पनि के बेर ? त्यसैले म रोएको बुढी मरी भनेर होइन काल पल्केको भनेर हो भने जस्तै अहिले अमेरिकी राष्ट्रपति ट्रम्पको यो एमसीसी फिर्ता लिने कदमले हौसिनुभन्दा अझ बढी सावधान हुनु जरुरी छ ।

# सेयर बजार ४९.१५ अंकले बढ्यो



काठमाडौं ।साताको अन्तिम कारोबार दिन बिहीबार सेयर बजारले २८ सय अंक नाघेको छ । अघिल्लो दिनको तुलनामा परिसूचक नेप्से ४९.१५ अंक बढेको हो । सो वृद्धिपछि नेप्से २८१५ मा कायम भएको छ ।

कारोबार रकम पनि बढेको छ । अघिल्लो दिन ९ अर्ब ९० करोडको कारोबार भएकोमा ११ अर्ब ३९ करोडको भयो । १८६ कम्पनीको मूल्य बढ्दा ५२ को घट्यो भने ६ को स्थिर नै रह्यो ।

बैंकिङ सेक्टर सबैभन्दा धेरै ३.३२ प्रतिशत बढेको छ । मुख्यतः राष्ट्र बैंकको मौद्रिक नीति समीक्षाले असल वर्गमा बैंकहरूले छुट्याउनुपर्ने 'लोनलस प्रोभिजन' दर १.१० बाट १ प्रतिशतमा झारेपछि यस सेक्टरमा आकर्षण देखिएको छ । यसले बैंकहरुले आगामी वित्तीय विवरणमा नाफा बढ्ने अनुमान गरिएको छ । यहीं कारण बिहीबार यो सेक्टरले छलाङ मारेको हो ।

यद्यपि बजारका सबै सेक्टर बढेका छन् । बैंकिङ पछि उत्पादन सेक्टर २.९१ प्रतिशत बढ्यो । व्यापार १.२०, अन्य १.०१, निर्जीवन बिमा ०.७०, माइक्रोफाइनान्स ०.९१, जीवन बिमा ०.८१, लगानी १.२५, हाइड्रोपावर १.८०, होटल तथा पर्यटन १.१२, फाइनान्स ०.२८ र विकास बैंक समूह १.५३ प्रतिशत बढे । चार कम्पनीको मूल्य १० प्रतिशत बढ्यो । गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स, अपरहेवाखोला, सिन्धु विकास बैंक र दोर्दीखोला हाइड्रोपावरको मूल्य १० प्रतिशत बढ्यो । लिबर्टी इनर्जीको मूल्य ९.९६, गुराँस लघुवित्तको ९.२४, बोटलर्स नेपाल बालाजुको ८.९९ प्रतिशत मूल्य बढ्यो ।

भूगोल इनर्जीको ७.१७ तथा उपकार लघुवित्तको ६.२५ प्रतिशत मूल्य घट्यो । हिमालयन रिइन्स्योरेन्सको सबैभन्दा धेरै ९६ करोड ४७ लाख रुपैयाँ बराबरको कारोबार भयो । त्यसपछि धेरै कारोबार भएका कम्पनीमा नेपाल पुनर्बीमा, एनआरएन इन्फ्रास्ट्रक्चर, सिंगटी हाइड्रोपावर र कुमारी बैंक क्रमशः अगाडि रहे ।

# सिरानीविना कि सिरानीसँग सुत्नु फाइदाजनक ?

निद्रा हाम्रो स्वास्थ्यको लागि धेरै महत्त्वपूर्ण छ । साथै सुत्दा हाम्रो शरीरको स्थिति, विशेष गरी घाँटी र मेरुदण्डको लागि उचित समर्थन प्राप्त गर्नु पनि आवश्यक हुन्छ ।

सिरानी प्रयोग गर्ने वा नगर्ने तपाईंको सुत्ने बानी र तपाईंको शरीरलाई कस्तो प्रकारको सहयोग चाहिन्छ भन्ने कुरामा निर्भर गर्दछ ।

सिरानीको सबैभन्दा ठूलो फाइदा भनेको यसले घाँटी र मेरुदण्डलाई सही स्थितिमा राख्न मद्दत गर्छ । यदि सिरानीको उचाइ सही छ भने, यसले घाँटीलाई यसको प्राकृतिक वक्रमा समर्थन गर्छ । साथै दुखाइ र कठोरतालाई रोक्छ ।

**एलर्जी र धुलोबाट सुरक्षा**

आजकल, एन्टी-एलर्जेनिक सिरानीहरू पनि उपलब्ध छन्, जसले धुलो, माइट्स र अन्य एलर्जी निम्त्याउने तत्त्वहरूबाट जोगाउँछ । यो विशेष गरी श्वासप्रश्वासको समस्या भएकाहरूका लागि फाइदाजनक छ ।

**आरामदायी निद्रा**

सिरानी प्रयोग गर्नाले टाउको र घाँटीलाई आराम मिल्छ, जसले निद्राको गुणस्तरमा सुधार ल्याउँछ । यसले तनाव कम गर्न र राम्रोसँग निद्रा पुऱ्याउन मद्दत गर्छ ।

**साइनस र टाउको दुखाइमा राहत**

साइनस वा टाउको दुखाइको समस्या भएकाहरूका लागि सिरानी प्रयोग गर्नु फाइदाजनक हुन सक्छ । टाउको अलिकति माथि राख्दा साइनसको दबाब कम हुन्छ ।

**सिरानीविना सुत्नुका फाइदाहरू**

**मेरुदण्डको प्राकृतिक स्थिति**

सिरानी बिना सुत्दा मेरुदण्ड यसको प्राकृतिक स्थितिमा रहन्छ । यो घाँटी वा ढाड दुख्ने समस्या भएकाहरूका लागि लाभदायक हुन सक्छ ।

**अनुहारको छालाको लागि फाइदाहरू**

सिरानी बिना सुत्दा अनुहारको छालामा दबाब कम हुन्छ, जसले चाउरीपना र डन्डीफोरको समस्या कम गर्न सक्छ । यो छालाको लागि प्राकृतिक उपचारको रूपमा काम गर्छ ।

**रक्तसञ्चारमा सुधार**

सिरानी बिना सुत्दा टाउको र घाँटीको रक्तसञ्चारमा सुधार हुन्छ । यसले मस्तिष्कमा अक्सिजन र पोषक तत्त्वको मात्रा बढाउँछ, जसले गर्दा बिहान ताजा महसुस हुन्छ ।

**घाँटी दुखाइबाट राहत**

केही मानिसहरूले सिरानी प्रयोग गर्दा घाँटी दुख्ने अनुभव गर्छन्, विशेष गरी यदि सिरानी नरम छैन भने । यस्तो अवस्थामा, सिरानी बिना सुत्नु उनीहरूको लागि सहज हुन सक्छ ।

**कुन बढी फाइदाजनक** छ ?

सिरानी प्रयोग गर्ने वा नगर्ने भन्ने कुरा व्यक्तिको शारीरिक आवश्यकता र बानीमा निर्भर गर्दछ । यदि तपाईंलाई घाँटी वा ढाड दुख्ने समस्या छ भने सही उचाइ भएको सिरानी प्रयोग गर्नु फाइदाजनक हुन सक्छ ।

साथै, यदि तपाईंलाई सिरानी बिना सुत्न सहज लाग्छ र यसले तपाईंको निद्राको गुणस्तर सुधार गर्छ भने, यो पनि राम्रो विकल्प हो ।



**स्थापना दिवसमा पदयात्राः**
नेपाल मगर सङ्घको ४३औं स्थापना दिवसको अवसरमा मगर सङ्घ दाङले बिहीबार दाङको घोराही बजारमा निकालेको पदयात्रामा सहभागी मगर समुदाय । तस्विरः कुलदीप न्यौपाने/रासस

# पाल्पामा भिन्न शैलीमा मगर एकता दिवस



**कृष्ण पोखरेल**
*पाल्पा*

जातीय विविधतासहितको एकता कायम गर्दै पाल्पामा ४३औं राष्ट्रिय मगर एकता दिवस मनाइएको छ। पाल्पाका १० वटै स्थानीयतह तथा ४० भन्दा बढी वडाहरुमा मगर जातीय विविधताको प्रदर्शन गर्दै ४३औं राष्ट्रिय मगर एकता दिवस मनाइएको हो ।

पाल्पाका हरेक मगर टोल बस्ती तथा वडाहरुमा मगर समुदायहरु भेला भएर भव्यताका साथ मगर दिवस मनाएका छन् । पाल्पाका सबै स्थानीयतहले ४३औं राष्ट्रिय मगर एकता दिवसमा सार्वजनिक बिदा दिए थिए । २ नगरपालिका ८ गाउँपालिका रहेका पाल्पा जिल्लामा मगरहरुको मात्र ५४ प्रतिशत जनसंख्या रहेको छ ।

मगर दिवसका अवसरमा पाल्पाका सबै पालिकाहरुले विभिन्न कार्यक्रमहरुको आयोजना गरेर मगरहरुको इतिहास, चालचलन, भेषभुषा, कला संस्कृति रहन सहन, झाँकीसहित विभिन्न गतिविधिहरु गरेर, मगर समुदायको इतिहास र वर्तमानको बारे युवा पुस्तामा जानकारी गराएको मगर अगुवा एवं माथागढी गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदीले बताए ।।

पाल्पामा मगरीकला संस्कृतिहरु निकै लोकप्रिय रहेका छन् । पाल्पामा मगरी कला संस्कृति, झार्मे, सालैजो, कौडा, मारुनी, ठूलो नाच, झ्याउरे संस्कृतिमा मगरसहित सबै समुदायहरु रमाउने गरेका छन् । मगरहरुको बटुक, सेल रोटी, मेवाको अचार, चुकाउनी, विभिन्न माछाका परिकारमा अन्य जातजातिहरु पनि खाँदै रमाएको सराइकी मगर महिला अगुवा चेत कुमारी चिदीले बताइन ।

मगर दिवसमा विभिन्न संस्कृति झल्किने भेषभुषासहित सांस्कृतिक बाजा, नाच, तथा झाँकी प्रर्दशन लोपोन्मुख खाना तथा खाजाका परिकारले सबैलाई आकर्षित गरेको थियो । मगर समुदायबिच एकता तथा मगर संस्कृतिबारे जानकारी दिने, मगर सभ्यताको विकास गर्ने, सबै जातजाति भाषाभाषीबिच एकता कायम गरी नेपाललाई एकताबद्ध बनाउन मगर दिवसले महत्वपूर्ण भूमिका खेलेको नेपाल मगर संघ लुम्बिनी प्रदेश सचिव तेजबहादुर घर्तीमगरले बताए ।

मगर संस्कृतिसँगै खानपान, रहनसहन, भेषभुषा, संस्कृति अहिलेका पिँढीलाई बुझाउन पाल्पाको सराइमा मगर कुडुले घरसहित संग्रहालय पनि सञ्चालन गरिएको फूलबारी लखनपार्ककी अध्यक्ष कमलाकुमारी चिदीले बताइन ।

पुरानो पुस्ताले प्रयोग गर्ने धान कुट्ने ढिकी, मकै, गहुँलगायतका अन्न पिस्ने झाँतो चलाएर नयाँ पुस्ता रमाएका थिए । मगर दिवसमा मगर मात्र होइन सम्पूर्ण जातजाति मगरसँगै रहनसहन, खानपिन तथा कला संस्कृतिमा रमाएका थिए । मगर दिवसले समाजमा सबै जातजातिबिच एकता कायम गरेको छ ।

---

### प्रेम विवाहले...

बाधोबीले खातुनलाई भगाएर विवाह गरेपछि केटा र केटी पक्षबीच करिब दुई महिनादेखि विवाद हुँदै आएको थियो ।

एक प्रहरी अधिकृतका अनुसार सोमबार मात्रै केटी पक्षले केटाका भाइलाई 'हाम्री छोरी कहाँ बेपत्ता पारिस्' भन्दै कुटपिट गरेका थिए । आफ्नो मान्छे कुटिएपछि त्यसको बदला लिन भन्दै केटा पक्षका मान्छेहरू केटीको घर पुगे । त्यही बेला झडप भएको प्रहरीको भनाइ छ ।

केटीका दाइले पिकअप भ्यानले ठक्कर दिएर दुई जनालाई घाइते समेत बनाएका थिए । घाइतेमध्ये विजय धवलको मृत्यु भएको थियो । गाडीको ठक्करबाट घाइते भएका अर्का व्यक्ति वैद्यनाथ लौनियाको भने उपचार भइरहेको छ ।

त्यसपछि केटा पक्षले केटीको दाइको कवाडी पसलमा आगजनी गरेका थिए । यही आगजनीमा पर्न लागेका एक व्यक्तिलाई उद्धार गरेर लैजाने क्रममा इलाका प्रहरी कार्यालय महेशपुरको बा १ भ ७४४८ नम्बरको भ्यान नै जलाइएको थियो । प्रेम विवाह गरी फरार रहेका जोडी भारततिर रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए ।

### स्पष्टिकरण...

सम्झौताअनुरूप विवरण नै नबुझाएका कारण भदौभित्र कार्यसम्पादन मूल्यांकन हुन नसकेकाले उनलाई पदबाट किन नहटाउने भन्दै स्पष्टीकरण सोधिएको थियो ।

उनले त्यसबेला बुझाएका स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै मन्त्रालयले पुनः स्पष्टीकरण सोधेको थियो । त्यो स्पष्टीकरण के कारणले चित्तबुझ्दो नभएको हो भन्दै घिसिङले प्रश्न पनि गरेका छन् ।

तर, घिसिङले उल्टै नेपाल विद्युत् प्राधिकरण कार्यकारी निर्देशक वा महाप्रबन्धकको सेवाशर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६१ को विनियम २२ मा उल्लिखित अवस्थामध्ये कुन आरोपमा कारबाही गर्न लागिएको हो ?' यकिन नभएकाले गोश्वरा आरोपमा कारबाही गर्न नमिल्ने दाबी गरेका छन् ।

आफूलाई लगाइएका आरोप मनोगत भएको, २४ घण्टाभित्र नै स्पष्टीकरण पेस गर्नुपर्ने र कारबाही गर्नुपर्ने जरुरी नदेखिएको लगायत कारणले यो स्पष्टीकरणका आधारमा पदबाट हटाउन नमिल्ने जिकिर पनि उनले गरेका छन् ।

भदौभित्रै कार्यसम्पादन मूल्यांकन हुनुपर्नेमा मन्त्रालयले २२ पुसमा स्पष्टीकरण सोधेपछि घिसिङले त्यससम्बन्धी विवरण बुझाएका थिए । तर, आफूले म्याद गुजारेर बुझाएको विवरणका आधारमा मूल्यांकन नगरी स्पष्टीकरण माग गर्न नमिल्ने उनको तर्क छ ।

ऊर्जा तथा अर्थ मन्त्रालयको सहमति नलिइकनै भारतको नयाँ दिल्लीमा भारतबाट आयात हुने विद्युत्को भाउ बढाउने सहमति गरेको विषयमा उनले छुट्टै स्पष्टीकरण पेस गरेका छन् ।

१२ फेब्रुअरी २०२५ का दिन द्विपक्षीय विद्युत् विनिमय समितिको बैठकमा विगतदेखिको अभ्यासबमोजिम सहभागी भएको उनले उल्लेख गर्दै ऊर्जा र अर्थ मन्त्रालयको स्वीकृति नलिएको स्वीकार गरेका छन् ।

यसअघि जुन रूपमा विद्युत्को भाउ बढ्ने गरेको थियो, त्योभन्दा सस्तो मूल्यमा आफूले सहमति गरेको उनको दाबी छ । ऊर्जामन्त्री दीपक खड्का र सचिव सुरेश आचार्य सोही समयमा भारत भ्रमणमा रहेको बेला दुवै जनासँग छलफल गरी नयाँ दर तय गर्ने विषयमा म्यान्डेट लिइएको दाबी उनले गरेका छन् । तर, मन्त्रालयका अधिकारीहरू भने यस विषयमा घिसिङले कुनै समन्वय नगरेको बताउँछन् ।

यो दर नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिबाट अनुमोदन र विद्युत् नियमन आयोगबाट स्वीकृति प्राप्त भएपछि मात्र लागु हुने उनले उल्लेख गरेका छन् ।

विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमण कसको स्वीकृतिमा गरिएको भन्ने प्रश्न पनि उनलाई सोधिएको थियो । उनले सञ्चालक समिति तथा मन्त्रीबाट स्वीकृत नगराई भ्रमणमा जाने गरेको कुरा अप्रत्यक्ष रुपमा स्वीकार गरेका छन् ।

भदौ र असोजमा मन्त्रीबाट भ्रमण आदेश स्वीकृत भएको तर त्यसपछि भने नभएको उनको भनाइ छ ।

भ्रमण आदेश स्वीकृत नभई किन भ्रमणमा गएको भन्ने विषय केही उल्लेख नगरी उनले आफूलाई स्पष्टीकरण सोध्ने मनसायका साथ त्यो स्वीकृत नभएको दाबी गरेका छन् ।

### प्रादेशिक...

अस्पतालका मेडिकल सुपेरिटेन्डेन डा. ईन्द्र ढकालले वार्षिका प्रगति प्रतिवेदन तथा आगामी दिनमा गर्ने योजनाहरु बारे जानकारी गराएका थिए । अस्पतालमा वार्षिक साढे ३ लाखले स्वास्थ्य सेवा लिएको तथ्याङ्क प्रस्तुत गर्दै प्रसूति सेवाको क्षेत्रमा उल्लेख्य प्रगति भएको जानकारी गराए ।

कार्यक्रममा बोल्दै मेसु ढकालले अस्पतालमा २ महिना भित्रै आफ्नै ब्लड बैंक स्थापना गर्ने योजना रहेको सुनाए । यसैगरी मेमोग्राफी मेशिन सञ्चालन, स्तन क्यान्सरको स्क्रिनिङ सेवा सञ्चालन गर्ने तथा पित्त थैलीमा पत्थरी अपरेशनका लागि पालो कुरेर बसिरहेका सेवाग्राहीका लागि छुट्टै प्याकेजको कार्यक्रम ल्याउने तयारीमा रहेको उनले जानकारी गराए । कार्यक्रमा २५ वर्ष सेवा अवधि पूरा गरेका तथा उत्कृष्ट कर्मचारीहरुलाई सम्मान गरिएको थियो । यसैगरी अस्पतालले स्थापना दिवसको अवसरमा आयोजना गरेको सप्ताहव्यापी कार्यक्रममा सहभागी भई विजेता बनेकाहरुलाई पुरस्कार वितरण तथा सम्मान गरेको थियो । कार्यक्रमको सञ्चालन अस्पतालका प्रशासकीय प्रमुख राजन केसीले गरेका थिए । सो अवसरमा अस्पतालका गतिविधि समेटिएको स्मारिका 'जिवक-३' विमोचन गरिएको छ ।

**डिजिटल पेमेन्ट सेवा बिस्तार**

अस्पतालको स्थापना दिवसको अवसरमा स्वास्थ्यमन्त्री सारुले डिजिटल पेमेन्ट काउन्टरको सुरुवात गरेका छन् । उक्त काउन्टरबाट सेवाग्राहीले डिजिटल माध्यमबाट टिकट काट्ने तथा भुक्तानी सेवा लिन सक्ने छन् । यसैगरी अस्पतालको ईएनटी (नाक, कान, घाँटी) उपचार कक्षमा अडियोग्राम, टिम्पानोग्राम र ओएई टेस्ट सेवाको सुरुवात गरेका छन् । अस्पतालमा इकोकार्डियोलोजीतर्फ ट्रेडममिल टेस्ट(टिएमटी), हल्टर मनिटरिङ तथा एबीपीएम सेवाको शुभारम्भ गरिएको छ ।

# बाँके निकुञ्जमा देखिन थाले पाटे बाघ



नेपालगञ्ज (बाँके) । बाँके राष्ट्रिय निकुञ्ज र कम्दी करिडोरका राष्ट्रिय तथा सामुदायिक वन क्षेत्रमा राखिएका क्यामेरामा पाटे बाघ र चितुवा देखिएका छन् ।

निकुञ्जका करिब ७० स्थानमा लगाइएका एक सय ६९ र कम्दी करिडोरमा लगाइएका ९५ क्यामेरामा बाघ र चितुवाको आवतजावत भएको देखिएको हो ।

निकुञ्जका सूचना अधिकारी मन्दिप पङ्गेनीले करिब ८० दिनसम्म लगाइएको क्यामेरामा पाटे बाघ र चितुवा देखिएको भन्दै अहिले क्यामेरा निकालिएको बताए । "बाघ र आहार प्रजातिको अवस्था बुझ्न क्यामेरा लगाइएको थियो । अहिले यसलाई निकालेर विश्लेषण गर्न बाँकी छ ।"- उनले भने ।

पङ्गेनीले बाँके राष्ट्रिय निकुञ्ज, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायत सङ्घसस्थाको संयुक्त प्राविधिक टोलीले एक महिनाभित्र विश्लेषणको काम सकेपछि वास्तविक तथ्याङ्क बाहिर आउने उल्लेख गरे ।

जिल्ला वन कार्यालयका प्रमुख शङ्करप्रसाद गुप्ताले कम्दी करिडोरको सामुदायिक तथा राष्ट्रिय वनमा दुई किलोमिटरको दूरीमा क्यामेरा जडान गरेर पाटे बाघ र चितुवाको अध्ययन भइरहेको जानकारी दिए । ती क्यामेरा करिडोरमा एक साता अघि लगाइएको थियो । उनले क्यामेरामा बाघ र चितुवा आवतजावत गरेको देखिएको उल्लेख गर्दै बाघ कुनकुन बाटोबाट हिड्छन् भन्ने जानकारी समेत प्राप्त भइरहेको जनाए ।

वन प्रमुख गुप्ताले जडान गरिएका क्यामेरा १५ दिनसम्म कम्दी करिडोरमा रहने जानकारी दिँदै क्यामेराबाट बाघ र आहारा प्रजातिको वास्तविक तथ्याङ्क आउने बताए । "यसको विस्तृत तथ्याङ्क आएपछि प्राविधिक टोलीले विश्लोषण गर्नेछ र आगामी दिनका लागि योजना बनाइने छ ।"

-उनले भने । यसअघि भएको गणनामा बाँके राष्ट्रिय निकुञ्जमा २५ बाघ रहेका पाइएको गुप्ताले जानकारी दिए । बाँके राष्ट्रिय निकुञ्ज विसं २०६७ मा स्थापना भएको थियो । एघार किसिमका दुर्लभसहित ३४ किसिमका स्तनधारी, ५० किसिमका दुर्लभसहित तीन सय किसिमका पन्छी, दुई किसिमका दुर्लभसहित २४ घस्रने, पाँच किसिमका दुर्लभसहित ५५ बढी प्रजातिका माछा प्रजातिका जीवजन्तु यहाँ रहेका निकुञ्ज कार्यालयले जनाएको छ ।

# रुद्रतालको संरक्षण गर्दै ढोरपाटन

ढोरपाटन (बागलुङ) । ढोरपाटन उपत्यका नजिकै पर्छ रुद्रताल । बुर्तिबाङ-ढोरपाटन सडक छेउमै पर्ने यस तालमा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दै गएको छ । धार्मिक महत्वसँग जोडिएको ताल पर्यटकको रोजाइमा पर्न थालेपछि ढोरपाटन नगरपालिकाले समेत संरक्षण गर्न थालेको छ ।

चालु आर्थिक वर्षमा ढोरपाटन नगरपालिकाले विजियोजन गरेको रु २५ लाखबाट ताल संरक्षणको काम अघि बढाइएको उपप्रमुख धनबहादुर कायत (कल्याण)ले जानकारी दिए । जङ्गलको बिचमा रहेको रुद्रताल प्राकृतिक रूपमै सुन्दर रहेको र त्यसलाई थप व्यवस्थित गर्न थालिएको उनले बताए ।

उक्त बजेटले यस वर्ष सडकदेखि तालसम्म रेलीङसहितको पदमार्ग, खानेपानी र घेराबार गरिने तयारी भएको उपप्रमुख कायतले बताए । यसअघि पनि ताल संरक्षणको काम गरिए पनि अझैं व्यवस्थित हुन नसेको भन्दै उनले पर्यटकका लागि स्वच्छ खानेपानी र विश्राम स्थल निर्माणका विषयमा पनि कुरा भइरहेको सुनाए ।

"यो ताल धार्मिक आस्थासँग पनि जोडिएको छ, पहिले सडकले नजोडिँदा ओझेलमा थियो, अहिले ताल नजिकैबाट ढोरपाटन उपत्यका पुग्ने सडक बनेकाले सिकार आरक्ष क्षेत्रमा पुग्ने हरेक पर्यटकले तालको अवलोकन गरेकै हुन्छन्, यसको संरक्षण गर्नका लागि हामीले प्रयास गरेका छौं । यस वर्ष केही काम हुन्छ, बाँकी आगामी दिनमा गर्नेछौं ।"-उप-प्रमुख कायतले भने ।

तालमा वन्यजन्तुले पानी पिउन आउने हुँदा पर्यटकले नजिकैबाट अवलोकन गर्न सक्छन् । पछिल्लो समय यहाँ तालसँगै मृग, घोरललगायत वन्यजन्तु नजिकैबाट अवलोकन गरेर पर्यटकले थप आनन्द लिन थालेका छन् । भुजीखोलाको शिरमा पर्ने यो तालबाट बग्ने पानीले स्नान गर्दा छालासम्बन्धी रोग लाग्दैन भन्ने जनविश्वाससमेत रहेकाले पर्यटन प्रवर्द्धनमा थप टेवा पुगेको छ ।

नेपालकै एक मात्र ढोरपाटन सिकार आरक्ष जाने सडकसँग जोडिएपछि पछिल्लो समय ताल धेरैको रोजाइमा पर्न थालेको नगरपालिका-९ का वीरबहादुर घर्तीमगरले बताए । एक दशक अगाडिसम्म सुनसान रहेको तालमा हाल पर्यटकको निकै चहलपहल बढेको उनले जानकारी दिए ।

ताल वरपर बगैंचा, प्रतीक्षालय, शौचालय र खानेपानीको व्यवस्थापन गर्न सकेमा धेरै सहज हुने र आकर्षण थप बढ्ने घर्तीमगरको भनाइ छ । "रुद्रताल यस क्षेत्रकै चर्चित ताल हो, जङ्गलको बिचमा यति सुन्दर ताल छ, यसको अझैं प्रचारप्रसार र प्रवर्द्धन आवश्यक छ," उनले भने-"तालमा पानी सुक्न थालेको छ, के कारणले यस्तो भएको हो बुझ्न सकिएको छैन । ताल सुक्यो भने त अस्तित्व नै समाप्त हुन्छ, सरोकार भएका निकायले यसतर्फ ध्यान दिनुपर्छ ।"

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**कपिलवस्तु, तौलिहवा**

सूचना प्रकाशित मितिः २०८१।११।१२

**प्रमाणित गरिएको ।**



जिल्ला अन्तर्गत बाणगंगा नगरपालिका वडा नं. ४ बस्ने रुद्र बहादुर पल्ली मगरको छोरा भारतीय पेन्सनर No. 9414806M का टेक बहादुर पल्ली मगरले यस कार्यालयमा पेश गरेको निवेदन अनुसार निजको र निजको पत्नीको भारतीय पेन्सनपट्टा र नेपाली नागरिकता प्रमाणपत्रमा नामथर र जन्ममिति फरक-फरक भएता पनि तपसिल बमोजिमको भएको व्यक्ति फरक फरक नभई एक व्यक्ति भएको भनी बाणगंगा नगरपालिका ४ नं. वडा कार्यालयको च. नं. १८२२ मिति २०८१।११।११ गतेको सिफारिस पत्र र निज टेक बहादुर पल्ली मगरले यस कार्यालयमा उपस्थित भई गरेको स्वघोषणाको आधारमा सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिएको छ ।

**तपसिल**

| नागरिकतामा भएको नामथर र जन्ममिति | नाता | भारतीय पेन्सन अभिलेख कागजातमा भएको नामथर र जन्म मिति |
|---|---|---|
| टेक बहादुर पल्ली मगर<br>जन्म मितिः २०११।०२।१६ | निवेदक (पति) | टेक बहादुर राई TEK BAHADUR RAI<br>जन्म मितिः 06-08-1959 |
| बाटुली पल्ली मगर<br>जन्म मितिः २०२०।०१।२८ | पत्नी | मिनु माया राई MEENU MAYA RAI<br>जन्म मितिः 13-03-1995 |

प्रमुख जिल्ला अधिकारी

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

# अनाथ आश्रमलाई उद्यमशील भलाई कोषको सहयोग



बुटवल । राष्ट्रिय यातायात उद्यमशील मजदुर भलाई कोष बुटवलले बिहीबार लुम्बिनी अपांग दृष्टिविहीन अनाथ आश्रमलाई खाद्यान्न सहयोग गरेको छ ।

उद्यमशिल भलाई कोषको १७औं स्थापना दिवसको अवसरमा बुटवल उप-महानगरपालिका वडा नम्बर १५ उजेलापुरमा रहेको अनाथ आश्रमलाई खाद्यान्न सहयोग गरिएको हो ।

संस्थाका महासचिव प्रकाश रिजालको नेतृत्वमा आश्रममा पुगी अनाथ आश्रमका अध्यक्ष लिलाराम रोकामगरलाई खाद्यान्न हस्तान्तरण गरिएको भलाई कोषका सह-सचिव दिनेशकुमार कसौधनले बताए ।

अनाथ आश्रममा १८ जना बालबालिका र १८ जना वयस्क नागरिक रहेका छन् । सामाजिक सेवाअन्तर्गत हरेक वर्ष संस्थाले विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको भलाई कोषका सदस्य शत्रुधन शाहले बताए । संस्थाका कार्यालय प्रमुख बसन्तमान श्रेष्ठको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# मेला, महोत्सवका नाममा सुर्तीजन्य पदार्थको विज्ञापन नगर्न आग्रह



काठमाडौँ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न मेला, महोत्सव तथा जात्राका नाममा सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन नगर्न आग्रह गरेको छ ।

मन्त्रालयले केही मेला, महोत्सव र जात्राका नाममा सुर्तीजन्य पदार्थको उत्पादक सङ्लग्नता भएकोप्रति ध्यानाकर्षण भएको जनाउँदै त्यस्ता मेला, महोत्सव र जात्रामा सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन नगर्न आग्रह गरेको मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले जानकारी दिए ।

सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ को दफा १० मा 'उत्पादकलगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो टेलिभिजन, इन्टरनेट, इमेलजस्ता विद्युतीय सञ्चारमाध्यम, अन्तरक्रिया कार्यक्रम, होडिङ बोर्ड, भित्ते लेखन, लोगो सङ्केत, चिन्ह वा अन्य कुनै पनि माध्यमबाट सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रममा समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाइने छैन' उल्लेख छ ।

मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले उक्त कानुन विपरीत सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गरेको पाइएमा कानुन बमोजिम कारबाही हुने बताए ।

सुर्तीजन्य पदार्थको सेवन मानव स्वास्थ्यका लागि अन्यन्त हानिकारक भएको र त्यस्ता पदार्थको सेवनले मानवजीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापसमेतमा नकारात्मक असर पर्ने भएकाले मेला महोत्सवमा प्रयोजक नराख्न उनले आग्रह गरे ।

सुर्तीजन्य पदार्थको (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ तथा सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ र सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमुलक सन्देश र चित्र छाप्ने तथा अङ्कित गर्ने निर्देशिका २०८१ जारी भएको छ । उक्त निर्देशिका बमोजिम सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी तथा प्याकेजिङको मुख्य भागको अगाडि र पछाडिको शतप्रतिशत भागमा चित्र अङ्कित चेतावनीमूलक स्वास्थ्य सन्देश राख्न सम्बन्धित सबै सरोकारवालालाई अनुरोध गरिएको छ ।

सुर्तीजन्य पदार्थ सम्बन्धि ऐन, नियमावली र निर्देशिकामा भएका प्रावधानले सुर्तीजन्य पदार्थको प्रयोग घटाउन र दिर्घकालिन रूपमा सुर्तीजन्य पदार्थसँग सम्बन्धित रोग तथा मृत्युदर घटाउन र जनस्वास्थ्यमा सुधार गर्न योगदान पुऱ्याउने प्रवक्ता डा. प्रकाश बुढाथोकीको भनाइ छ ।

मन्त्रालयले सुर्तीजन्य पदार्थ सम्बन्धि ऐन, नियमावली र निर्देशिकामा भएका व्यवस्थाको पालना नगरेको पाइएमा मन्त्रालयको 'हेलो स्वास्थ्य कल सेन्टर ११९५ मा दैनिक बिहान ८ बजेदेखि साँझ ८ बजेसम्म तथा भाइवर, ह्वाट्अप नम्बर ९८५१३३०५९२ मा जानकारी गराउन अनुरोध गरेको छ ।

# 'शिक्षाको विकासमा रचनात्मक काम भइरहेका छन्'



नवलपरासी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रदेश सरकार शिक्षा क्षेत्रको विकासमा रचनात्मक ढङ्गले अघि बढेको बताएका छन् । बिहीबार पश्चिम नवलपरासीको सुनलव नगपालिका-१२ भूमहीमा आयोजित शैक्षिक तथा सांस्कृति मेलालाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकार शिक्षामा नविनतम र रचनात्मक ढङ्गले काम गरिरहेको बताएका हुन् ।

लुम्बिनी प्रदेश सरकारको 'मेरो विद्यायल मेरो, दायित्व कार्यक्रम' द्वारा शिक्षाको गुणस्तरमा सुधार हुने उनको भनाइ छ । यस कार्यक्रमले देशभरिमा राम्रो सन्देश दिने उनले जनाए । "शिक्षा समाज रुपान्तरणको आधार हो । शिक्षाले गर्दा सामाज परिर्वतन तथा विकासमा मद्दत पुग्छ ।"-उनले भने ।

उनले उक्त कार्यक्रमका लागि सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिनालाई धन्यावद दिए । खस्कँदो शिक्षाको नतिजा सुधारका लागि मन्त्री तिमिल्सिनाले रचनात्मक कार्यक्रम अगाडि बढाएको उनले बताए ।

बिहीबारदेखि सुरु 'शैक्षिक तथा सांस्कृतिक मेला २०८१' मेला यही फागुन १९ गतेसम्म चल्नेछ । प्रथम रामनगर जेसीज लुम्बनी प्रदेशस्तरीय मेलामा प्रदेशभरिका प्राध्यापकलाई तालिममार्फत् प्रशिक्षण दिइ शिक्षाको गुणस्तरीयता सुधार गर्ने उद्देश्य रहेको रामनगर जेसिआइका अध्यक्ष रमेश पराजुलीले जानकारी दिए ।

# १८औं स्थापना दिवसमा रक्तदान र आश्रमलाई सामग्री वितरण



बुटवल । सहयात्री बचत तथा ऋण सहकारी संस्था बुटवल सहकारीले १८औं स्थापना दिवस फरक ढङ्गले मनाएको छ ।

सहकारीले स्थापना दिवसको अवसरमा सामाजिक उत्तरदायित्व भावनाअन्तर्गत फरक क्षमता भएका व्यक्तिहरुलाई स्वास्थ्य लाभको शुभकामनासहित दैनिक प्रयोग हुने सामग्री तथा खाद्यान्न वितरण गरी मनाएको हो ।

सहकारीले बुटवल उप-महानगरपालिका वार्ड नं. ११ देवीनगरमा रहेको नेपाल अपाङ्ग आश्रममाफरक क्षमता भएका व्यक्तिहरूलाई उक्त सामाग्री हस्तान्तरण गरेको हो । सहयात्री बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष हरिबहादुर बोमरेलको नेतृत्वमा आश्रम पुगी उक्त सामग्रीहरु हस्तान्तरण गरिएको हो ।

आश्रममा रहेका ३७ जना फरक क्षमता भएका व्यक्तिहरु, नेपाल अपाङ्ग आश्रम बुटवलका अध्यक्ष डोरबहादुर रामदाम, सहयात्री सहकारीका अध्यक्ष हरिबहादुर बोमरेल, सचिव हस्तबहादुर हिताङ्ग, कोषाध्यक्ष छवी नेपाली, सह-सचिव रिना नेपाली, सञ्चालक समितिका सदस्यहरु, लेखा समितिका संयोजक तथा सदस्यहरु, विभिन्न उप-समितिका संयोजक, तथा सदस्य, व्यवस्थापक, कर्मचारीलगायतको उपस्थितिमा सामग्री वितरण गरेको हो ।

कार्यक्रममा आश्रमका अध्यक्ष डोरबहादुर रामदामले सहयात्री सहकारीले विगतदेखि नै आश्रममा सहयोग गरिरहेको र यस्तो परोपकारी कामका लागि संस्थालगायत सञ्चालक समिति, शेयर सदस्यलाई धन्यवाद व्यक्त व्यक्त गरेका थिए ।

त्यस्तै सहकारी संस्थाले १८औं स्थापना दिवसको अवसरमा रक्तसञ्चार केन्द्र बुटवलमा फागुन १३ गते रक्तदान कार्यक्रम गरेको हो । उक्त कार्यक्रममा ४१ जनाले रक्तदान गरेको सहकारीका सचिव हस्तबहादुर हिताङ्गले जानकारी दिए । फागुन १४ गते भवन परिसरमा सरफाइ, शुभकामना आदानप्रदान कार्यक्रम, दिर्घरोगी तथा आगोबाट जलन बिरामीलाई आर्थिक सहयोगलगायतका कार्यक्रमहरु गरी स्थापना दिवस सम्पन्न गरिएको सहकारीका अध्यक्ष हरिबहादुर बोमरेले जानकारी दिए ।

# उद्योग वाणिज्य संघको टोली संस्थागत अध्ययन भ्रमणमा



बुटवल । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको टोली संस्थागत संघ अध्ययन भ्रमणमा निस्किएको छ । नेपाल उद्योग वाणिज्य महासंघमा आबद्ध रहेको जिल्ला नगर उद्योग वाणिज्य संघहरुको संस्थागत अध्ययन तथा अवलोकनका लागि संघको टोली बिहीबार तीन दिने भ्रमणमा निस्किएको हो ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालको नेतृत्वमा भ्रमणमा निस्किएको भ्रमण टोलीले वालिङ उद्योग वाणिज्य संघ, कास्कीको पोखरा उद्योग वाणिज्य संघ र स्याङ्जाकै स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघमा संस्थागत अवलोकन गरिने भ्रमण टोलीकी संयोजक तथा बुटवल उद्योग वाणिज्य संघकी कार्यसमिति सदस्य रेनु कर्माचार्यले जानकारी दिइन् ।

संघको संस्थागत भ्रमणमा संस्थागत संरचना, संघ सञ्चालनका विधि, पद्धतीलगायतका विषयमा जानकारी आदानप्रदान गरिने छ । त्यस्तै ती संघमा आबद्ध व्यवसायीका समस्या, यस क्षेत्रका व्यवसायीका समस्यालगायतका विषयमा छलफल गरिने र साझा तथा क्षेत्रगत हुने व्यवसायीका समस्या समाधानका लागि समेत कसरी समाधान गर्न सकिन्छ, त्यस विषयमा छलफल गरिने संघका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी गराए । उनका अनुसार भ्रमणका क्रममा त्यस आसपासका अन्य पर्यटकीय क्षेत्रहरुको समेत अवलोकन गरिने छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com